# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**

केन्द्रीय कार्यालय (Central Office)

हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


# प्रेस नोट

मिति २०७६ असोज १५

## आप्रवासी कामदार सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको सुरक्षा व्यवस्था सम्बन्धमा उपत्यकाका सुरक्षा अधिकारीहरुसँग छलफल

आप्रवासी कामदार सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको सहभागीहरुका सुरक्षा तथा अन्य सुरक्षा व्यवस्था सम्बन्धमा उपत्यकाको तिनवटै जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायका प्रमुख तथा प्रतिनिधिहरुसँग आज आयोगमा छलफल भयो ।

सम्मेलनबारे जानकारी गराउँदै आयोगका माननीय सदस्य सुदिप पाठकले हालसम्म Globle Alliance for NHRIs (GANHRI) का अध्यक्ष, मानव अधिकार राष्ट्रिय संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, सरकारी निकायका प्रतिनिधिहरु, विज्ञ र नागरिक समाजका प्रतिनिधिहरु सहित २० देशका ३९ जनाको सहभागिता सुनिश्चित भैसकेको जानकारी गराउँदै सम्मेलनमा सहभागी हुन आउने सम्पुर्ण विशिष्ट व्यक्तित्वहरुको सुरक्षा, आवागमन सुरक्षा तथा सम्मेलन स्थलको सुरक्षाका लागि आवश्यक व्यवस्था मिलाउन आग्रह गर्नु भयो । प्रमुख जिल्ला अधिकारी, सुरक्षा निकायका प्रमुख तथा पदाधिकारीहरुले सम्मेलनमा सुरक्षा प्रदान गर्न सवै तहमा आवश्यक सुरक्षा व्यवस्था मिलाउने प्रतिवद्धता व्यक्त गर्नुका साथै सुरक्षा व्यवस्थाका लागि आ-आफ्ना कार्यालयवाट प्रतिनिधि तोक्ने वताउनु भयो ।

राष्ट्रिय मानव अधिकार आयोगका माननीय सदस्य सुदिप पाठकको संयोजकत्वमा भएको उक्त छलफलमा ललितपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी भगिरथ पाण्डेय, भक्तपुर जिल्लाका प्रमुख जिल्ला अधिकारी नारायण प्रसाद भट्ट, काठमाडौं जिल्लाका सहायक प्रमुख जिल्ला अधिकारी गौलोचन सैंजु, महानगरीय प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक शैलेश थापा, सशस्त्र प्रहरी बलका शसस्त्र प्रहरी नायव महानिरीक्षक चन्द्रप्रकाश गौतम, नेपाली सेना मानव अधिकार निर्देशनालयका महासेनानी डा.महेन्द्रजंग शाह, महानगरीय प्रहरी परिसर काठमाडौं, ललितपुर र भक्तपुरको प्रमुख तथा प्रतिनिधिहरु, आयोगका निर्देशक, महाशाखाका प्रमुख लगायतका कर्मचारीहरुको सहभागिता थियो । आयोगद्वारा यहि कार्त्तिक २६ देखि २८ सम्म आप्रवासी कामदारहरुको अधिकार संरक्षण सम्बन्धमा अन्तर्राष्ट्रिय सम्मेलन तय गरेको छ ।

**मुरारिपसाद खरेल**

निर्देशक


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं नेपाल

Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal

Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org